# बैंकका सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिका सदस्यहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न



वित्तीय जानकारी इकाईले मिति २०८०, असोज २९ गते होटल रोयल सिङ्गी, काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण, पारस्परिक मूल्याङ्कन तथा वित्तीय जानकारी इकाईलाई गर्नुपर्ने रिपोर्टिङ्गका सम्बन्धमा वाणिज्य बैंकका सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिका सदस्यहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रमलाई सम्बोधन गर्दै इकाई प्रमुख दीर्घ बहादुर रावलले एशिया प्यासिफिक समूहले प्रकाशित गरेको नेपालको पछिल्लो पारस्परिक मूल्याङ्कनबारे जानकारी गराउनुभयो । वित्तीय प्रणालीमा अपराधबाट आर्जित कालो धनलाई रोक्न तथा समयमै आवश्यक प्रतिवेदन पेश गर्न बैंक लगायतका सम्पूर्ण सूचक संस्थाहरुको प्रमूख भूमिका हुने बताउदै उहाँले सम्पूर्ण सम्बद्ध निकायहरुले पारस्परिक मूल्याङ्कन प्रतिवेदनको सुझाव अनुसार कार्यदिशा तय गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको बताउनु भयो ।

कार्यक्रमको प्रस्तुती सत्रमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी चार वटा प्रस्तुतीहरु भएका थिए । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले पारस्परिक मूल्याङ्कन प्रतिवेदन तथा नेपालको AML/CFT Regime को बारेमा विस्तृत प्रस्तुती गर्नु भएको थियो । राष्ट्रिय वाणिज्य बैंकका कार्यान्वयन अधिकारी ज्योती भट्टले ग्राहक पहिचान, हिताधिकारी सम्बन्धी बैंकमा रहेको प्रणाली तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिमा हुने गरेका छलफल लगायतका विषयमा प्रस्तुती गर्नु भएको थियो । त्यस्तै नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. का कार्यान्वयन

अधिकारी सगुन पाठकले संस्थागत जोखिम मूल्याङ्कन, goAML System मा रिपोर्टिङ्ग, इकाईसँगको समन्वय लगायतका विषयमा प्रस्तुती गर्नु भएको थियो । त्यस्तै स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि. का विजय भण्डारीले सीमापार करेस्पोण्डिङ्ग बैंकिङ्ग, अन्तर्राष्ट्रिय असल अभ्यास, आधुनिक प्रविधिहरुको प्रयोग लगायतका विषयमा प्रस्तुती गर्नु भएको थियो ।

अन्तरक्रिया सत्रमा बैंकका सहभागीहरुले विषयसँग सम्बन्धित रहेर विभिन्न जिज्ञाशा तथा सुझावहरु राख्नुभएकोमा प्रस्तुतकर्ताहरु तथा इकाई प्रमुखले सो सम्बन्धमा सम्बोधन गर्नु भएको थियो । सहभागीहरुको तर्फबाट हिमालयन बैंकका भवानी घिमिरेले मन्तव्य राख्नु भएको थियो ।

